# तिनाउ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# दोभान, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजश्व परामर्श समिति प्रतिवेदन,
# २०८१

## १. पृष्ठभूमी

नेपाल राज्यको पुन:संरचना सँगै नेपाल राज्यको लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्लाको १० स्थानीय तह मध्येको एक साविकका कचल, दोभान, कोलडाँडा र मस्याम गरि ४ गाउँ विकास समिति समेटेर मिति २०७३ फाल्गुन २७ मा ६ वटा वडामा विभाजन गरि स्थापना भएको तिनाउ गाउँपालिकाको नामाकरण पाल्पा जिल्लाको आर्थिक, धार्मिक, साँस्कृतिक, पर्यटकिय र पौराणिक इतिहास वोकेको तिनाउ नदिको नामबाट गरिएको हो । पूर्वमा माथागढि गाउँपालिका र देवदह नगरपालिका पश्चिममा रैनादेवि छहरा गाउँपालिका र सैनामैना नगरपालिका उत्तरमा रिव्दिकोट गाउँपालिका र तानसेन नगरपालिका दक्षिणमा वुटवल उपमहानगरपालिकाको भौगोलिक विच र उत्तर दक्षिणवाट सिद्धार्थ राजमार्गले धरातलिय विचबाट काटेको अवस्थितिमा तिनाउ गाउँपालिका छ ।यस गाउँपालिकाको कुल क्षेत्रफल २०२ वर्ग कि.मी, ४२०१ घर धुरी संख्या र कुल जनसंख्या १७७७७ रहेको छ । चुरे क्षेत्रमा पर्ने दोभान खोला र झुम्सा खोलाको संगम स्थल दोभान यस गाउँपालिकाको केन्द्रको रुपमा रहेको छ जुन पाल्पा जिल्लाको सदरमुकाम तानसेनवाट ३५ किमी र वुटवल वजारवाट ५ किमीको दुरिमा रहेको छ ।हरियालि वनजङ्गल, चुनढुङ्गा खानि क्षेत्र, खोलानाला नदि, कृषि क्षेत्रका फाँट, पाटन, जन्तिलुङ्ग, मरामकोट, सत्यवति ताल, वसन्तुर, गिन्टार, सुकेताल, रिङ्गसिङ्गलेक, हात्तिलेक, भुतखोला, रानि झरना, कामख्य मन्दिर, नुवाकोट, सिद्धवावा मन्दिर र रामपिथेकस क्षेत्रको प्राकृतिक, धार्मिक, साँस्कर्तिक, पौराणिक र पर्यटकिय प्रचुर सम्भावना तिनाउ गाउँपालिकले वोकेको हुदाँ निजी क्षेत्र आकर्षित भई लुम्विनी केवलकार र सिद्धार्थ केवलकार संचालनमा आएको छ ।

स्थानीय तहको अधिकार नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित बिषयमा निहित रहने र त्यस्ता अधिकारको प्रयोग नेपालको नेपालको संविधान र गाउँ सभाले बनाएको कानून बमोजिम हुने, नेपालको स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने निणर्य गर्ने, नीति तथा योजना तया। गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था रहेको छ । नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तितत्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्न, लोकतान्त्रिक लाभहरुको समानुपातिक समावेशि र न्यायोचित वितरण गरि कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढिकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरि स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका क्रियाशील रहेको छ ।

नेपालको संविधान बमोजिम तर्जुमा भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति र सो समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो ऐनमा व्यवस्था गरिएको काम, कर्तव्य र अधिकारको पालना गर्दै कार्यपालिकालाई आगामी आ.व को राजश्व सम्बन्धी नीतिको तर्जुमा गर्न, राजश्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्न, कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धी परामर्श उपलब्ध गराउने सन्दर्भमा यस प्रतिवेदन तयार गरिएको छ ।

# २. गत आर्थिक वर्षको यथार्थ आन्तरिक आम्दानीको अवस्था ।

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा, लुम्बिनी प्रदेश, नेपाल
शीर्षकगत आवधिक आय संकलन विवरण
मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्म
संकलन केन्द्र : सबै

सिद नं ० देखि ० को आम्दानी असुली विवरण

| सि.नं. | शिर्षक नम्बर | आय शिर्षक नाम | संकलित रकम (रु.) |
|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | ९३.१९८.०० |
| २ | ११३१४ | भुमिकर/मालपोत | २.५७.२३५.०० |
| ३ | ११३२१ | जग्गा / घर वहाल कर | ९६.२३०.५० |
| ४ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | २.७६.६२४.०० |
| ५ | १४२१९ | अन्य सेवा शुल्क | ९८.२५.६३९.४९ |
| ६ | १४२२४ | परीक्षा शुल्क | ४.०००.०० |
| ७ | १४२४२ | नक्सापास दस्तुर | १.५६.३४०.०० |
| ८ | १४२४३ | सिफारिश दस्तुर | ३.३९.६५८.८० |
| ९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २.१४.०००.०० |
| १० | १४२४५ | नाता प्रमाणित दस्तुर | १७.८००.०० |
| ११ | १४२४९ | अन्य दस्तुर | ७४.२९.१०८.५० |
| १२ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६१.४००.०० |
| १३ | १४२६५ | अन्य क्षेत्रको आय(ढुंगा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक स्रोत बाइफाड। | १.२५.८०.१७८.६० |
| १४ | १४३१२ | प्रशासनिक दण्ड ,जरिवाना र जफत | ५.६५.०००.०० |
| १५ | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | ९७.७२.०४०.०० |
| मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्म सम्मको जम्मा रु | | | ४.१६.८८.४५२.८९ |

## ३. राजश्व मौजुदा अवस्थाको विश्लेषण

चालु आर्थिक वर्ष ०८०।०८१ को हाल सम्मको आन्तरिक स्रोत आम्दानीको अवस्था संकलन गर्ने कार्यालय र राजश्व शिर्षक अनुसार तपसित बमोजिम रहेको छ ।

**तपसिल**

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | संकेत | राजस्व संकलन गर्ने कार्यालय | जम्मा | कैफियत |
| १ | ८०५५०५०१३०० | तिनाउ गाउँपालिका, पाल्पा | २,५४,७५,१३०.८० | |
| २ | ८०५५०५०१३०१ | तिनाउ गाउँपालिका,१ नं. वडा कार्यालय, पाल्पा | ६,३८,२०९.०० | |
| ३ | ८०५५०५०१३०२ | तिनाउ गाउँपालिका,२ नं. वडा कार्यालय, पाल्पा | १७,७३,७३५.८० | |
| ४ | ८०५५०५०१३०३ | तिनाउ गाउँपालिका,३ नं. वडा कार्यालय, पाल्पा | १२,५२,२०८.८० | |
| ५ | ८०५५०५०१३०४ | तिनाउ गाउँपालिका,४ नं. वडा कार्यालय, पाल्पा | २,११,८४२.५० | |
| ६ | ८०५५०५०१३०५ | तिनाउ गाउँपालिका,५ नं. वडा कार्यालय, पाल्पा | ९,२७,९६२.२० | |
| ७ | ८०५५०५०१३०६ | तिनाउ गाउँपालिका,६ नं. वडा कार्यालय, पाल्पा | ११,१२,७५६.०० | |
| जम्मा | | | ३,१३,९१,८४५.१० | |

| आः .व. २०८०८१/ अवधी : २०८०३१/०३/२०८१-०१/०४/ | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **राजस्व संकेत** | **राजस्व शीर्षक** | **रकम** | **कैफियत** |
| १ | ११३१३ | सम्पती कर | २,४५,२७३४०. | |
| २ | ११३१४ | भुमिकरमालपोत/ | ६,४८,८५५१०. | |
| ३ | ११३१७ | वहाल कर | ११,७९,३६७८४. | |
| ४ | ११६९१ | अन्य कर | ३४,१८,९७६६०. | |
| ५ | १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ४२,६१५००. | |
| ६ | १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | ०००. | |
| ७ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०००. | |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १,६३,५०,०५७२०. | |
| ९ | १४२२१ | न्यायिक दस्तूर | २,२००००. | |

| आः .व. २०८०८१/ अवधी : २०८०३१/०३/२०८१-०१/०४/ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
| १० | १४२२४ | परीक्षा शुल्क | ५२,९००००. | |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ७१,६१,९३३१४. | |
| १२ | १४२४२ | नक्सापास दस्तुर | ५३,०५५८२. | |
| १३ | १४२४३ | सिफारिश दस्तुर | ५,१३,८००००. | |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,०३,७००००. | |
| १५ | १४२४९ | अन्य दस्तुर | ९२,९६५००. | |
| १६ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ४०,२००००. | |
| १७ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ८,७७,८५०००. | |
| १८ | १४६११ | व्यवसाय कर | ९७,५००००. | |
| १९ | १५१११ | बेरूजू | २,१०,५९६००. | |
| २० | १५११२ | निकासा फिर्ता | ०००. | |
| | | जम्मा | ३,१३,९१,८४५१०. | |

माथि उल्लेखित आ.व ०७९।०८० आन्तरिक स्रोत आम्दानी रु ४१६८८४५२।८९ र चालु आ.व ०८०।०८१ को आन्तरिक स्रोत आम्दानी रु ३१३९१ ८४५।१० रहेको छ । आन्तरिक स्रोत आम्दानि गत आ.व को तुलनामा यस आ. व मा आन्तरिक स्रोत आम्दानि घटेको छ ।

## ४. करका आधारहरु

स्थानीय कर अधिकार सम्बन्धी व्यवस्थाहरु नै स्थानीय करका आधारहरु हुन । स्थानीय करका सम्बन्धमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा विभिन्न व्यवस्थाहरु गरिएका छन । ती व्यवस्थाहरु देहायानुसार छनः

क) संवैधानिक व्यवस्थाहरु

- आर्थिक अधिकार बमोजिम स्थानीय तहले आफ्नो क्षेत्राधिकारका बिषयमा आर्थिक कानून बनाउन सक्ने, धारा ५९
- कानून बमोजिक बाहेक स्थानीय तहले कर लगाउन र उठाउन नपाउने, धारा २२८
- स्थानीय तहले छिमेकि प्रदेश र स्थानीय तहलाई प्रतिकुल नहुने गरि कर लगाउनु पर्ने, धारा २२८
- स्थानीय तहले संविधानको अनुसूची ८ को ४ नं. बुदाँ बमोजिम देहायको कर लगाउने अधिकार हुनेः
    - सम्पत्ति कर
    - घर वहाल कर
    - घर जग्गा रजिष्ट्रेशन शुल्क
    - सवारी साधन कर
    - सेवा शुल्क दस्तुर
    - पर्यटन शुल्क
    - विज्ञापन कर
    - व्यवसाय कर
    - भुमिकर(मालपोत)
    - दण्ड जरिवाना
    - मनोरञ्जन कर
    - मालपोत संकलन

ख) कानूनी व्यवस्था

१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- ➢ स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची ३ मा उल्लेखित कर तथा गैर कर लगाउन र उठाउन सक्ने, दफा ३
- ➢ अनुसूचि-३ बमोजिम कर तथा गैर कर देहाय बमोजिम हुनेः

  क) कर

  - सम्पत्ति कर
  - घर वहाल कर
  - घर जग्गा रजिष्ट्रेशन शुल्क
  - सवारी साधन कर
  - विज्ञापन कर
  - व्यवसाय कर
  - भुमिकर
  - मनोरञ्जन कर

ख) गैर कर

- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- दण्ड जरिवाना

२. स्थानीय सरकार संचालन ऐन, २०७४

- ➢ कानून बमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र कुनै कर लगाउन, उठाउन नपाउने, दफा ५४

- गाउँपालिका र नगरपालिकाले देहायका करहरु लगाउन पाउने व्यवस्था रहेको छ ।
  - सम्पत्ति कर, दफा ५५
  - भुमिकर (मालपोत), दफा ५६
  - घर जग्गा बहाल कर, दफा ५७
  - व्यवसाय कर, दफा ५८
  - बहाल बिटौरी शुल्क, दफा ५९
  - पार्किङ्ग शुल्क, दफा ६०
  - जडिबुटी, कवाडी र जीवजन्तु कर, दफा ६१
  - सेवा शुल्क, दफा ६२
- प्रदेश र गाउँपालिका र नगरपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण, संकलन तथा बाँडफाँड देहायानुसार रहेको छ, दफा ६४
  - सवारी साधन करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने तर गाउँपालिका वा नगरपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्नेछ,
  - घरजग्गाको रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
  - विज्ञापन करको दर निर्धारण र संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
  - मनोरञ्जन करको दर र संकलन गर्ने तरिका प्रदेशले निर्धारण गर्ने र सोको संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने,
  - पदयात्रा तथा पर्यटन शुल्कको दर प्रदेशले निर्धारण र संकलन गर्ने, उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा,

सङ्ग्रालय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने,

- ढुङ्गा, गिट्टि, स्लेट, बालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले संकलन गर्ने ।

## ५ राजश्व नीति

क) वैज्ञानिक अनुमान योग्य र पारदर्शी राजस्व प्रणालीको विकास बाट नीजि लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादन मुलक उद्योग तथा व्यवसाय प्रबर्द्धन र संरक्षण प्रदान गर्ने ।

ख) गाउँपालिका भित्र सम्भावित करयोग्य सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी करको दर कम गर्दै दायरा विस्तार गर्ने ।

ग) मानव स्वास्थ्यलाई नोक्सान पुर्याउने तथा वातावरण ह्रास गराउने वस्तुको प्रयोगमा निरुत्साहित गर्ने ।

घ) गाउँपालिकाको कर प्रशासनलाई सक्षम बनाउन सूचना प्रविधीको प्रयोग मार्फत कर संकलन गर्ने ।

ङ) गैर कर राजस्वका दरहरुलाई समसामयिक लागत प्रभावी र पारदर्शि बनाइ थप राजस्व संकलन गर्न प्रयास गर्ने ।

## ६. आगामी आ.व ०८१।०८२ को लागि प्रस्तावित आन्तरिक स्रोत आम्दानिको प्रक्षेपण

आ.व ०८१।०८२ मा तिनाउ गाउँपालिकाको आन्तरिक स्रोत आम्दानि तथा प्राप्त अनुदान सहितको बजेटको सिमा तपसिल वमोजिम रहेको छ ।

तिनाउ गाउँपालिका

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आर्थिक बर्ष २०८१।८२

अनुसूची२-

| शीर्षक | | आ .व. ८०/२०८९ को यथार्थ | आ .व. /२०८०८१ को अनुमान | आ .व. /२०८०८१ को हालसम्मको यथार्थ | आ .व. /२०८०८१ को संसोधित अनुमान | आ .व. २०८१ ८२/ को अनुमान |
|---|---|---|---|---|---|---|
| राजस्वः | | ५३२६१९८०८०६. | ५३४५३१३१८३०. | ४१७२०७०१८०१. | ५३४५३१३१८३०. | ५३०८१००००००. |
| राजश्व संकेत | आन्तरिक राजस्वः | ११३९२५०१४६३. | ९२५७०५१८३०. | ७६०९८०६७६४. | ९२५७०५१८३०. | ५८१००००००. |
| 11313 | सम्पत्ती कर | ९३१९८००. | १००००००००. | २०४४११४०. | १००००००००. | ५००००००. |
| 11314 | भुमिकरमालपोत/ | ६९२६१०००. | १४००००००० | ५६११८८७०. | १४००००००० | ८००००००. |
| 11315 | घरजग्गा रजिष्ट्रेशन शुल्क | ०००. | ०००. | ०००. | ०००. | |
| 11317 | बहाल कर | ५०१२३०५०. | १००००००००. | २१३५८४८४. | १००००००००. | ५००००००. |
| 11321 | घरबहाल कर | | | | | १००००००. |
| 11322 | बहाल विटौरी कर | ०००. | ०००. | ०००. | ०००. | |
| 11411 | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७५१६९८८७७५. | ६००००००००. | ३७७२९०१८०६. | ६००००००००. | ५६५७०८७१००. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 11421 | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ०००. | २४३५८८०० ००. | १८१४१२०४ ८९. | २४३५८८०० ००. | २०५४७२८१ ००. |
| 11451 | सवारी साधन कर (साना सवारी) | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 11452 | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 11456 | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ६६५३३०२ ९३. | ५३१५००० ००. | ४८७९३८७ ४२. | ५३१५००० ००. | ५३८३००० ००. |
| 11471 | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 11472 | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ०००. | २४०००००. | ०००. | २४०००००. | ६००००००. |
| 11479 | अन्य मनोरञ्जन कर | ०००. | ०००. | ०००. | ०००. | ५००००००. |
| 11611 | व्यवसाय कर | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 11621 | व्यवसायी बाहेक अन्यले भुक्तानी गर्ने कर | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 11631 | कृषी तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 11632 | अखेटोपहारमा लाग्ने कर | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| ११६९१ | अन्य कर | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| १३३१८ | अन्य अनुदान पुँजिगत बुटवल उपमहानगरपालिकाबाट प्राप्त | | | | | १५०००० ००. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | |
| १३३१९ | अन्य अनुदान पुँजिगत बुटवल उपमहानगरपालिकाबाट प्राप्त अनुदान | | | | ०००. | २००००००००. |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान सडक बोर्ड नेपाल | | ०००. | ०००. | ०००. | २०००००००. |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान नेपाल खानेपानी संस्थान | | | | ०००. | १००००००००. |
| 14111 | वित्तिय निकायवाट प्राप्त ब्याज | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14112 | व्यापारिक निकायवाट प्राप्त ब्याज | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14113 | औद्योगिक निकायवाट प्राप्त ब्याज | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14114 | सेवामुलक निकायवाट प्राप्त ब्याज | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14151 | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14153 | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०००. | ०००. | ०००. | ०००. | ६५१०५००. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 14154 | बाँडफाँड भई प्राप्त हुन खानी तथा खनिज सम्बन्धी रोयल्टी | | | | ०००. | १२१७५८२३००. |
| 14156 | बाँडफाँड भई प्राप्त हुन विद्युत सम्बन्धी रोयल्टी | | | | ०००. | २४०९२०००. |
| 14157 | बाँडफाँड भई प्राप्त हुने दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ०००. | ६३६०००००. | | ६३६०००००. | १००००००००. |
| 14159 | अन्य स्रोतबाट प्राप्त रोयल्टी | १०७९८९७००. | | | ०००. | |
| 14211 | कृषी उत्पादनको विक्रिबाट प्राप्त रकम | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14212 | सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त रकम | ०००. | ०००. | ०००. | ०००. | १००००००००. |
| 14213 | अन्य बिक्रिबाट प्राप्त रकम | ०००. | ५००००००००. | ०००. | ५००००००००. | ०००. |
| 14219 | अन्य सेवा शुल्क तथा बिक्रि | ११०४३९१०४९. | १५००००००००. | ११५४७६३९४०. | १५००००००००. | ५००००००००. |
| 14221 | न्यायिक दस्तुर | ०००. | ५००००००. | २२००००. | ५००००००. | ५००००००. |
| 14223 | शिक्षा क्षेत्रको आम्दानी | ०००. | १००००००००. | ०००. | १००००००००. | १००००००००. |
| 14224 | परिक्षा शुल्क | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14229 | अन्य प्रशानिक सेवा शुल्क | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14241 | पार्किङ शुल्क | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| 14242 | नक्सापास दस्तुर | १५६३४०००. | ४७००००००. | ३६१२५००. | ४७००००००. | १००००००००. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 14243 | सिफारिस दस्तुर | ००० | १०००००००० | ४३५४००००. | १०००००००० | ५००००००० |
| 14244 | व्यक्तिगत घटना दर्ता दस्तुर | २१४००००० | ००० | ००० | ००० | ३००००००० |
| 14245 | नाताप्रमाणित दस्तुर | १७८००००. | २००००००. | ००० | २००००००. | १००००००० |
| 14249 | अन्य दस्तुर | ००० | ५००००००० | ६४०००००. | ५००००००० | ००० |
| 14253 | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ००० | २००००००० | ००० | २००००००० | १००००००० |
| 14254 | रेडियोएम.एफ/ सञ्चालन दस्तुर | ००० | ००० | ००० | ००० | ००० |
| 14262 | विद्युत सम्बन्धि दस्तुर | ००० | ००० | ००० | ००० | ००० |
| 14265 | अन्य क्षेत्रको आय सामूदायीक वन ) पैदावार (बिक्रीबाट | १००१९४८६६०. | ८००००००००. | | ८००००००००. | १०००००००. |
| 14311 | न्यायिक दण्ड, जरिवाना र जफत | ००० | ००० | ००० | ००० | ५००००००. |
| 14312 | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५६५०००००. | १००००००००. | ८०३०००००. | १००००००००. | ५००००००० |
| 14313 | धरौटी सदरस्याहा | ००० | ००० | ००० | ००० | ००० |
| 14521 | प्रदुषण नियन्त्रण शुल्क | ११४०७०४०००. | १०००००००. | ००० | १०००००००. | १५००००००००. |
| 14529 | अन्य राजश्व | ९३३४४२८०. | | ००० | ००० | १००००००० |
| 14611 | व्यवसाय कर | ६१४००००. | ००० | ००० | ००० | ००० |
| | **राजस्व बाँडफाँडः** | ८१८२३१९०६८. | ९०३३३८०००० | ६०७४९६१०३७. | ९०३३३८०००० | १०५०४३००००० |
| 14411 | राजस्व बाँडफाँड प्राप्ति (+) | ८१८२३१९०६८. | ९०३३३८०००० | ६०७४९६१०३७. | ९०३३३८०००० | १०५०४३००००० |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | ००० | ००० | ००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **अन्य आयः** | ७७१३९६५९२४. | ६२२३०५१८३०. | ६२२३०५१८३०. | ६२२३०५१८३०. | ५०५००००००. |
| 15111 | बेरुजु असुली | २५८५१८६२. | ०००. | ०००. | ०००. | ५००००००. |
| 32122 | गाउँपालिकाको नगद मौज्दात | ७६८८११४०६२. | ६२२३०५१८३०. | ६२२३०५१८३०. | ६२२३०५१८३०. | ५००००००००. |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | **३३०६०२२७४२५.** | **३५१६२७०००००.** | **२८०३५९३४०००.** | **३५१६२७०००००.** | **३५५६६७०००००.** |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | **३००६५९३१२२५.** | **३२५५१८०००००.** | **२६६५६५०९०००.** | **३२५५१८०००००.** | **३१५४१८०००००.** |
| 13311 | वित्तीय समानीकरण अनुदान | ८८९८५०००००. | ८५३०००००००. | ६३२१५८३०००. | ८५३०००००००. | ८६२०००००००. |
| 13312 | सशर्त अनुदान चालु | १९३४४४५२७२५. | २१६२१८०००००. | १८८३९३२६०००. | २१६२१८०००००. | २१६२१८०००००. |
| 13313 | सशर्त अनुदान पुँजीगत | १५२४४५३५००. | ८००००००००. | ३३४९०००००. | ८००००००००. | ८००००००००. |
| 13314 | विशेष अनुदान चालु | | | | | ३००००००००. |
| 13315 | विशेष अनुदान पुँजीगत | | ८००००००००. | ६०९५०००००. | ८००००००००. | २००००००००. |
| 13317 | समपूरक अनुदान पुँजीगत | २९८५२५०००. | ८००००००००. | ५५१२०००००. | ८००००००००. | ०००. |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | **२९९४२९६२००.** | **२६१०९०००००.** | **१३७९४२५०००.** | **२६१०९०००००.** | **४०२४९०००००.** |
| 13311 | वित्तीय समानीकरण अनुदान | ५२०३०००००. | ५९५९०००००. | ४४६९२५०००. | ५९५९०००००. | ५६५९०००००. |
| 13312 | सशर्त अनुदान चालु | | २६५००००००. | १३२५०००००. | २६५००००००. | २६५००००००. |
| 13313 | सशर्त अनुदान पुँजीगत | ७८६९७३६००. | ७५०००००००. | २५०००००००. | ७५०००००००. | ७००००००००. |
| 13314 | विशेष अनुदान चालु | ५१४७७४४००. | | | ०००. | ४००००००००. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 13315 | विशेष अनुदान पुँजीगत | ०००. | ०००. | ५००००००. | ०००. | ४०००००० ००. |
| 13317 | समपूरक अनुदान पुँजीगत | ११७२२४८२ ००. | १००००००० ००. | ५०००००० ००. | १००००००० ००. | ७०००००० ००. |
| 13318 | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम (चालु) | | | | | ५१६०००० ००. |
| 13319 | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम (पुँजिगत) | | | | | ४७८०००० ००. |
| | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| | सशर्त अनुदान | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| | समपूरक अनुदान | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| | विशेष अनुदान | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| **जनसहभागिताः** | | ६२६९३२८ ५०. | | | ०००. | १२०००००० ००. |
| 13412 | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ६२६९३२८ ५०. | ०००. | ०००. | ०००. | १२०००००० ००. |
| | श्रम तथा वस्तुगत सहायता | ०००. | ०००. | ०००. | ०००. | ०००. |
| नोटराजस्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम -हुनेछ । स्थानीय तहका राजस्व शिर्षकहरु नतोकिए सम्म यसै वमोजिम गर्ने । | | | | | | |

## ७. आगामि आ.व ०८१।८२ को करका दर

तिनाउ गाउँपालिकाको आगामि आ.व ०८१।०८२ मा आन्तरिक स्रोत आम्दानी संकलनको लागि करका दर (आर्थिक ऐन २०८१) देहाय बमोजिम रहेको छ ।

# तिनाउ गाउँपालिकाको आर्थिक ऐन २०८१

तिनाउ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना -:** तिनाउ गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यावस्था गर्न वाञ्छनिय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिक तिनाउ गाँउ सभाले यो ऐन बनाएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भ** आर्थिक ऐन" यस ऐनको नाम (१) :, २०८१रहेको छ । " गते देखि तिनाउ गाउँपालिका क्षेत्रमा लागु हुनेछ । १ श्रावण २०८१ यो ऐन (२)

२। **सम्पति कर :** तिनाउ गाउँपालिका क्षेत्र भित्र अनुसुचि जग्गा कर / बमोजिम सम्पति कर (१) लगाईने र असुल उपर गरिने छ ।

३। **भुमि कर : (मालपोत)**तिनाउ गाउँपालिका क्षेत्र भित्र अनुसुचि बमोजिम भुमि कर (२) लगाईने र असुल उपर गरिने छ । (मालपोत)

४। **घर वाहाल कर :** तिनाउ गाउँपालिका क्षेत्र भित्र कुनै ब्याक्ति वा संघ संस्थाले भवन ,घर , जग्गा वा पोखरि पुरै वा आशिक तवरले वाहालमा ,छप्पर ,टहरा ,गोदाम ,ग्यारेज ,पसल बमोजिम घर जग्गा वाहाल कर लगाईने र असुल उपर गरिने छ । (३) दिएकोमा अनुसुचि

५। **व्यावसाय कर :** तिनाउ गाउँपालिका क्षेत्र भित्र व्यावसाय वा सेवामा पूजिंगत लगानि र आर्थिक कारोवारका आधारमा अनुसुचि बमोजिम व्यबसाय कर लगाईने र असुल उपर (४) गरिने छ ।

६। **जडिबुटीः कवाडि र जीवजन्तु कर ,** तिनाउ गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उनवनकस कवाडी माल र प्रचलित कानुनले निषेध गरियको जीव ,जडिबुटी ,खोटो ,जन्तु

बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाडजस्ता बस्तुको ,प्वाँख ,सिङ ,छाला , बमोजिम व्यवसाय कर लगाईने र असुल (५) व्यावसायिक कारोवार गरे वापत अनुसुचि उपर गरिने छ ।

७। **सवारी साधन कर :** तिनाउ गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुचि (६) बमोजिम सवारि साधन कर लगाईने र असुल उपर गरिनेछ । तर लुम्विनी प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८। **विज्ञापन कर :** तिनाउ गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुचि बमोजिम विज्ञापन (७) कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोही बमोजिम हुनेछ ।

९। **मनोरन्जन कर :** तिनाउ गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसुचि (८) बमोजिम व्यावसाय कर लगाईने र असुल उपर गरिने छ । तर लुम्विनी प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

१०। **बहाल बिटौरी शुल्क :** तिनाउ गाउँपालिका क्षेत्र भित्र आफुले निर्माणरेखदेख वा संचालन , मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको (९) गरेमा अनुसुचि व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईनेछ ।

११। **सवारी साधन पार्किङ शुल्क :** तिनाउ गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम सवारी साधन पार्किङ शुल्क लगाइ असुल उपर गरिनेछ । साथै सार्वजनिक निजी अवधारणा अनुसार पार्किङ व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले तिनाउ गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्ने छ ।

१२. **सेवा शुल्कः दस्तुर ,** उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा (११)व्यवस्था भए अनुसारको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क :** तिनाउ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्विकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्क :** तिनाउ गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूचि (१३) बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. अनुसूचिमा छुट भएका कर तथा राजस्वको सम्बन्धमा निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रदान गरिएको छ ।

१६. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुन दिईने छैन । कुनै विषयमा कर छुट दिनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यको हकमा यस ऐनसँग बनाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाले तोके अनुसार हुने छ ।

१८. **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१९. नियम वा कार्यविधि बनाउन सक्ने तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२०. **साविक बमोजिम हुने** यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख : नभएको हकमा साविक बमोजिम नै हुने छ ।

२१. **खारेजी :** साविकमा तिनाउ गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएका हकसम्म खारेज हुनेछ ।

## अनुसुची १

(ऐनको दफा २ संग सम्बन्धित)

जिल्ला मालपोत कार्यालयको आ.व. ०७९/०८० को न्युनतम् रजिष्ट्रेशन मुल्याङ्कनको आधारमा आगामी आ.व. ०८०/०८१ को लागि सम्पत्ति मुल्याङ्कन दर देहाय बमोजिम कायम गरिएको छ ।

(क) तिनाउ गाउँ पालिका अन्तर्गतका खेतियोग्य जग्गाहरु प्रतिरोपनी न्यूनतम मूल्य तपशिल बमोजिम कायम गर्ने ।

| हालको वडा नं | साविकको गा.वि.स वडा नं | किसिम | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|
| १ | सा.फेक ५,६ र ४ हा. कचल र जुठापौवा ९ सा.फेक ४ का केही भाग | खेत | १,००,०००।- | ८०,०००।- | ६०,०००।- | २०,०००।- |
| | | पाखो | ४०,०००।- | ३२,०००।- | २०,०००।- | १२,०००।- |
| २ | दोभान (सुकेताल) ३,६,७,८,९ | खेत | २,८०,०००।- | २,४०,०००।- | १,६०,०००।- | १,२०,०००।- |
| | | पाखो | १,००,०००।- | ८०,०००।- | ४४,०००।- | १६,०००।- |
| ३ | दोभान १,२,४,५ गोठादी ७ (दोभान २) | खेत | २,८०,०००।- | २,४०,०००।- | १,६०,०००।- | १,२०,०००।- |
| | | पाखो | १,००,०००।- | ८०,०००।- | ४४,०००।- | १६,०००।- |
| ४ | कोलडाडा(सत्यवति) १,२,३,४ झुम्सा | खेत | ५६,०००।- | ४०,०००।- | २८,०००।- | २०,०००।- |
| | | पाखो | २८,०००।- | २०,०००।- | १२,०००।- | ८,०००।- |
| ५ | कोलडाडा ५,९ मस्याम ४ | खेत | ८०,०००।- | ६०,०००।- | ४०,०००।- | २०,०००।- |
| | | पाखो | ४४,०००।- | ३२,०००।- | २४,०००।- | १२,०००।- |
| ६ | मस्याम १,२,३,५,६,७, ८,९ दोभान ८ | खेत | ८०,०००।- | ६०,०००।- | ४०,०००।- | २०,०००।- |
| | | पाखो | ४४,०००।- | ३२,०००।- | २४,०००।- | १२,०००।- |

(ख) भुम्सा, कोलडाडा सिद्धार्थ राजमार्गमा पर्ने घडेरि जग्गा प्रति आना रु १,४०,०००।-( एक लाख चालिस हजार मात्र)

(ग) हालको वडा नं १ कचल

- खुर्सानै कचल मो.वा मा पर्ने जग्गा रु २,००,०००।-(दुई लाख प्रति रोपनी)
- कुडापानी जलुके सालधारा मो.वा मा पर्ने जग्गा रु २,००,०००।-(दुई लाख प्रति रोपनी)

- छतिवन कुडापानी ताल ज्ञानोदय मा.वि ओखलढुगा मो.वा मा पर्ने जग्गा रु २,००,०००।-(दुई लाख प्रति रोपनी)
- रानीवगिया झिगामारा ठुलिउदाङ मो.वा मा पर्ने जग्गा रु २,००,०००।-(दुई लाख प्रति रोपनी)
- झिगामारा कचल मो.वा मा पर्ने जग्गा रु १,५०,०००।-(एक लाख पचास हजार प्रति रोपनी)

(घ) हालको वडा नं २ दोभान

- गाईखोला, लामाचौपारि, गणेश टोल क्षेत्र मा पर्ने जग्गा रु ५०,०००।-(पचास हजार प्रति आना)
- भ्याकुतेपानी, स्वामीधारा, झेस्दी पुरानो पौवा क्षेत्र मा पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)
- नुवाकोट क्षेत्र मा पर्ने जग्गा रु ८०,०००।-(असि हजार प्रति आना)
- दोभान खुर्सानी मो.वा मा पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)

(ङ) हालको वडा नं ३ झुम्सा

- भुतखोला, अर्घाछाप, लामेदमार क्षेत्रमा पर्ने जग्गा रु ४०,०००।-(चालिस हजार प्रति आना)
- झुम्सा, पलन्दर, जिम्मालटोल क्षेत्रमा पर्ने जग्गा रु ५०,०००।-(पचास हजार प्रति आना)
- गड्डा, सराङखोला, हात्तिकोट, ज्यामिरे क्षेत्रमा पर्ने जग्गा रु ५०,०००।-(पचास हजार प्रति आना)
- वसन्तपुर क्षेत्रमा पर्ने जग्गा रु १,००,०००।-(एक लाख प्रति आना)

(च) हालको वडा नं ४ सत्यवति

- सत्यवति मन्दिर आसपासको क्षेत्रमा पर्ने जग्गा रु २५,०००।-(पच्चिस हजार प्रति आना)

(छ) हालको वडा नं ५ कोलडाडा

- वारिखेत, आठविसेखेत क्षेत्रमा पर्ने जग्गा रु २,००,०००।-(दुई लाख प्रति रोपनी)

(ज) हालको वडा नं ६ मस्याम

- डुम्रे, तिनधारे, मिलटोल, धन वहादुरको खेत सम्म वाह्रविसे क्षेत्रमा पर्ने जग्गा रु ५५,०००।-(पचपन्न हजार प्रति आना)
- वाह्रविसे धन वहादुरको खेत देखि घोलिघाट सम्मको क्षेत्रमा पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)
- डुम्रे वतासे मो.वा मा पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)

- डुम्रे भौसिकट्टा विसमुरे मो.वा मा पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)
- झुम्सा मरेक सिस्नेखोला मस्याम मो.वा मा पर्ने पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)
- जन्तिलुङ्ग क्षेत्रमा पर्ने जग्गा रु ३०,०००।-(तिस हजार प्रति आना)

## सम्पत्ति करको दररेट

| सि.न | देखि | सम्म | कर |
|---|---|---|---|
| १ | एक रुपैया | पाँच लाख रुपैया | रु १००।- |
| २ | पाँच लाख एक रुपैया | दश लाख रुपैया | रु १२५।- |
| ३ | दश लाख एक रुपैया | पन्ध्र लाख रुपैया | रु १५०।- |
| ४ | पन्ध्र लाख एक रुपैया | विस लाख रुपैया | रु १७५।- |
| ५ | विस लाख एक रुपैया | पच्चिस लाख रुपैया | रु २००।- |
| ६ | पच्चिस लाख एक रुपैया | तिस लाख रुपैया | रु २२५।- |
| ७ | तिस लाख एक रुपैया | पैतिस लाख रुपैया | रु २५०।- |
| ८ | पैतिस लाख एक रुपैया | चालिस लाख रुपैया | रु २७५।- |
| ९ | चालिस लाख एक रुपैया | पैचालिस लाख रुपैया | रु ३००।- |
| १० | पैचालिस लाख एक रुपैया | पचास लाख रुपैया | रु ३५०।- |
| ११ | पचास लाख एक रुपैया | पचपन्न लाख रुपैया | रु ४००।- |
| १२ | पचपन्न लाख एक रुपैया | साठ्ठी लाख रुपैया | रु ४५०।- |
| १३ | साठ्ठी लाख एक रुपैया | पैसठ्ठी लाख रुपैया | रु ५००।- |
| १४ | पैसठ्ठी लाख एक रुपैया | सत्तरि लाख रुपैया | रु ५५०।- |
| १५ | सत्तरि लाख एक रुपैया | पचहत्तर लाख रुपैया | रु ६००।- |
| १६ | पचहत्तर लाख एक रुपैया | असि लाख रुपैया | रु ६५०।- |
| १७ | असि लाख एक रुपैया | पचासि लाख रुपैया | रु ७००।- |
| १८ | पचासि लाख एक रुपैया | नव्वे लाख रुपैया | रु ८००।- |
| १९ | नव्वे लाख एक रुपैया | पन्चानव्वे लाख रुपैया | रु ९००।- |
| २० | पन्चानव्वे लाख एक रुपैया | एक करोड रुपैया | रु १०००।- |
| २१ | एक करोड एक रुपैया देखी माथि प्रति ५ लाख | | रु १५० थप |

## घर कर

| क्र.स | घरको प्रकार | १ तला | २ तला | ३ तला | ४ तला |
|---|---|---|---|---|---|
| १ | फुसको | ३० | ४५ | ६० | ७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कच्चि घर | १०० | २०० | ३०० | ४०० |
| ३ | पक्कि घर | २०० | ४०० | ६०० | ८०० |

## अनुसूची -३
## वहाल कर

| क्र.स | प्रकार | करको दर |
|---|---|---|
| १ | घरको/जग्गाको | वहाल रकमको १०% |

## अनुसुची ४
## व्यवसाय करको दर

| क्र.स | व्यावसायको वर्गिकरण | दर्ता शुल्क/ नविकरण शुल्क |
|---|---|---|
| १ | छप्पर फुटपाथ | ५००।- |
| २ | स्थानीय दर्ता | ५००।- |
| ३ | घरेलुमा दर्ता | ५००।- |
| ४ | पानमा दर्ता | ५००।- |
| ५ | भ्याटमा दर्ता | २०००।- |
| ६ | कम्पनी दर्ता प्रा.लि. | ५०००।- |
| ७ | कम्पनी र्दता ली | १०,०००।- |

## अनुसूची-५
## जडीबुटी, कवाडी र जीवजन्तु कर

| **क्र.स** | **विवरण** | **करको दर** |
|---|---|---|
| **क)** | **उन, खोटो, जडीबुटी, वनकस** | |
| १ | दालचिनि पात प्रति के.जी. | ५० पैसा |
| २ | दालचिनि वोक्रा प्रति के.जी. | १ रुपैया |

| | | |
|---|---|---|
| ३ | उन (पाकृतिक, कृतिम, जगर) प्रति के.जी. | १० पैसा |
| ४ | खोटो प्रति के.जी. | ५० पैसा |
| ५ | अन्य जडीबुटीहरु प्रति के.जी. | ५० पैसा |
| ६ | वनकस(खर), बाबियो, छवाली, पराल, वगास, निगालो, लोकता, पटेर, अम्रिसो (कुचो) प्रति टक,टेक्टर | ५० रुपौया |
| **ख)** | **कवाडि मालसामान** | |
| १ | खालि सिसी(वियर) वोतल साईज हेरी प्रति गोटा | २५ पैसा |
| २ | खालि सिसी(मदिरा र अन्य) ५०० एम.एल माथि प्रति गोटा | २० पैसा |
| ३ | खालि सिसी(मदिरा र अन्य) ५०० एम.एल तल प्रति गोटा | ५ पैसा |
| ४ | प्लाष्टिक(वोतल,भाडाकुडा,पुरानो जुत्ता,चप्पल,ग्यालिन,जर्किन आदि) प्रति के.जी. | १ रुपैया |
| ५ | खाली वोरा (जुट,प्लाष्टिक) | ५ पैसा |
| ६ | तेलको टिन १० लि. भन्दा ठुलो | १५ पैसा |
| ७ | तेलको टिन १० लि. भन्दा सानो | १० पैसा |
| **ग)** | **पुनः प्रशोधन गरि प्रयोग हुन सक्ने** | |
| १ | गार्मेण्टको कपडा,जुट,कार्पेटका टुक्रा प्रति के.जी. | १ रुपैया |
| २ | जलेको मोविल प्रति लि. | ५० पैसा |
| ३ | टायर ट्युवा प्रति के.जी. | १ रुपैया |
| ४ | थोत्रो टिन प्रति के.जी. | ५० पैसा |
| ५ | पुरानो ड्रम प्रति के.जी. | ५० पैसा |
| ६ | पुरानो कागज अखवार कार्टुन समेत प्रति के.जी | ५० पैसा |
| ७ | फलाम प्रति के.जी | १ रुपैया |
| ८ | अन्य धातु पित्तल, तामा आदी प्रति के.जी. | २ रुपैया |
| ९ | अन्य मेशिनरी औजार प्रति के.जी | ७५ पैसा |
| १० | पोलिथिन पाइपका टुक्रा प्रति के.जी | ५० पैसा |
| ११ | सिसाको धुलो र टुक्रा प्रति के.जी | २ रुपैया |
| १२ | पुरानो व्याट्रि प्रति गोटा | २ रुपैया |
| **घ** | **प्रचलित कानूनले निषेत्र गरिएको वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड,सिङ,प्वाँख,छाला** | |
| १ | हाँस, कुखुरा जस्ता पक्षिहरुको प्वाँख प्रति के.जी. | १ रुपैया |
| २ | हाड,सिङ,खुर प्रति के.जी. | १ रुपैया |
| ३ | छाला ठुलो प्रति गोटा | ३० रुपैया |
| ४ | छाला सानो प्रति गोटा | १५ रुपैया |

## अनूसूची-६
## सवारी साधन कर

| क स | विवरण | | कर,दस्तूर,शूल्क |
|---|---|---|---|
| १ | **अटो रेक्सा** | दर्ता शूल्क | रु १०००। |
| | | बार्षिक नविकरण **शूल्क** | रु ५००। |

## अनूसूची-७
## विज्ञापन कर

| क स | विवरण | | कर,दस्तूर,शूल्क |
|---|---|---|---|
| १ | **विज्ञापन दर** | साइनवोर्ड, ग्लोवार्ड, स्टल आदिमा प्रति वर्गफुट (४५ भन्दा ठूलोमा) | ४५। |
| | | साइनवोर्ड, ग्लोवार्ड, स्टल आदिमा ४५ वर्गफुट सम्म प्रति वर्गफुट | ५०। |

## अनुसूची ८
## मनोरञ्जन कर

| क स | विवरण | कर,दस्तूर,शूल्क |
|---|---|---|
| १ | फिल्म सूटिङ्ग | १०००। |
| २ | फिसिङ्ग प्रति बल्छि | २००। |
| ३ | फिसिङ्ग प्रति जाल | ३००। |
| ४ | प्रति टिकट प्रति व्यक्ति( प्रदेश कानून वमोजिम) | ५% |

## अनुसूचि - १२
## सेवा शुल्क, दस्तुर

| सि.न | कर सुचि | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | परिक्षा दस्तुर | | विज्ञापनमा उल्लेख भए वमोजिम |
| २ | न्यायीक दस्तुर | उजुरि दर्ता | रु २००।- |
| | | प्रतिवादि दस्तुर | |
| | | नक्कल दस्तुर | |
| | | मिलापत्र दस्तुर | |
| | | अन्य न्यायीक दस्तुर | |
| ३ | ठेक्का फाराम विक्रि दस्तुर | | सुचना प्रकाशनमा उल्लेख भएवमोजिम |
| ४ | घ वर्गको ईजाजत पत्र | | कार्यविधि अनुसार |
| ५ | व्यक्तिगत घटना दर्ता | | संघीय ऐन अनुसार |
| ६ | प्रशासनि दण्ड जरिवाना जफत | | ऐन,कार्यविधि निर्णय वमोजिम |
| ७ | न्यायीक दण्ड जरिवाना जफत | | ऐन,कार्यविधि निर्णय वमोजिम |
| ८ | वातावरण, विकास तथा सरसफाई शुल्क | संघीय, प्रदेश, स्थानीय सरकारवाट अनुमति प्राप्त प्राकृतिक श्रोत साधन उत्खनन तथा ओसार पसार | सहमति अनुसार |
| ९ | केवलकार शुल्क | प्रति टिकट | २% |
| १० | आई.ई.ई सिफारिस | प्रति | रु १००००।- |
| ११ | नया खानी दर्ता | प्रति खानी | रु ३०००००।- |
| १२ | सिफारिस दस्तुर | सवै सिफारिस | रु २००।- |
| १३ | प्रमाणित दस्तुर | सवै प्रमाणित | रु २००।- |
| १४ | सुचिकृत | सानो मेशिन | रु ५०००।- |
| | | ठुलो मेशिन | रु १००००।- |
| १५ | आय प्रमाणित | प्रति दश लाख | रु १०००।- |
| १६ | सर्जिवन मुचुल्का | साधारण | रु २००।- |
| | | स्थलगत | रु ५००।- |
| १७ | सिलौटा ढुगां | वटा | रु २०।- |

## प्राकृतिक साधन उपयोग कर

लुम्विनी प्रदेश सरकारको अर्थसम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक “प्रदेश आर्थिक ऐन” को दफा ९ सँग सम्वन्धित अनुसुचि ६ बमोजिम संकलन गरिनेछ ।

## घर नक्शापास दस्तुर

| विबरण | आवसिय भवन | व्यापारिक भवन | कैफियत |
|---|---|---|---|
| | अभिलेखिकरण | | |
| अभिलेखिकरण | रु ३ प्रति व.फि | रु ५ प्रति व.फि | |
| ट्रस अभिलेखिकरण | रु १ .५ प्रति व.फि | रु १ प्रति व.फि | |
| घर सुचिकृत दस्तुर | रु ५०० प्रति घर | रु १५०० प्रति घर | मापदण्डमा नपरेका |
| | नयाँनक्सा | | |
| आर.सि.सि फ्रेम स्ट्रकचर | रु ६ प्रति व.फि | रु ८ प्रति व.फि | |
| ईट्टा,ढुङ्गा,ब्लकको सिमेन्टको गाह्रोमा टिन,टायलको छाना | रु ४ प्रति व.फि | रु ६ प्रति व.फि | |
| ईट्टा,ढुङ्गा,ब्लकको माटोको गाह्रोमा टिन,टायलको छाना | रु ३ प्रति व.फि | रु ५ प्रति व.फि | |
| ट्रसमा टिन,टायलको छाना | रु २ प्रति व.फि | रु ४ प्रति व.फि | |
| | थप नक्सा निर्माण दस्तुर | | |
| | रु ८ प्रति व.फि | रु ८ प्रति व.फि | |
| | नक्सा नामसारी दस्तुर | | |
| खरिद / बिक्री सट्टा पट्टा | रु ३ प्रति व.फि | रु ६ प्रति व.फि | |
| अंशबण्डा | रु २ प्रति व.फि | रु ४ प्रति व.फि | |
| घरधनी मृत्यु | रु १००० प्रति घर | रु १००० प्रति घर | |
| नक्शा पास किताब | रु.५०० प्रति घर | | |
| निवेदन दस्तुर | कार्यालयबाट निःशुल्क वितरण | | |

**नोट : दीन दुःखीहरुको हकमा प्रमुख प्रशासकीय अधिकृतको, तोक आदेश र वडा अध्यक्षको सिफारिस अनुसार निःशुल्क सेवा प्रदान गर्न सकिनेछ ।**

## ८. निष्कर्ष तथा सुझावहरु

राजश्व संकलनमा मुख्यतया कर राजश्व र गैर कर राजश्व पर्दछन । कर संकलन गर्दा स्थानीय तहले सबै प्रकारको कर लिन सक्दैनन् ।नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारको अधिनमा र संविधान बमोजिम तर्जुमा गरिएको स्थानीय सरकार संचालन ऐनद्धारा प्रदत्त आर्थिक अधिकारका आधारमा मात्र सालबसालि आर्थिक ऐन बनाई स्थानीय तहले कर लगाउने र उठाउने गर्दछ । अतः उल्लिखित करका आधारहरुको उपयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजठ्ठ गर्दै प्रगतिशिल र समतामुलक ढंगले करका दरहरु निर्धारण गर्नु आवश्यक देखिन्छ ।

सुधारका लागि केहि सुझावहरुः

- ✓ कर्मचारीहरुलाई राजश्व परिचालन सम्बन्धी क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- ✓ कर संकलनलाई अनिवार्यरुपमा सेवा प्रवाहसँग आवद्ध गर्दै वडा कार्यालयहरुको क्षमता अभिवृद्धि गर्ने ।
- ✓ आम नागरिकलाई कर तिर्ने बानिको विकास गर्न र करको महत्व वुझाउन सचेतामुलक कार्यक्रम प्रभावकारि रुपमा लागु गर्ने ।
- ✓ राजश्व सुधार योजना सबै पक्षको सार्थक सहभागिता सहित निर्माण गरि कार्यान्वयन गर्ने ।
- ✓ करको दर भन्दा दायरा वृद्धि गर्ने प्रणालिको विकास गर्ने ।
- ✓ अनिवार्य व्यवसाय दर्ता गर्ने वानिको विकास गर्ने ।
- ✓ सामुदायिक वनवाट प्राप्त हुनुपर्ने राजश्व संकलन हुने व्यवस्था मिलाउने ।

- ✓ गाउँपालिका भित्रका ढुङ्गा, गिट्टि, वालुवा, माटो विक्रिको लागि वातावरणिय परिक्षण गरि बोलपत्र आव्हान गर्ने ।
- ✓ गाउँपालिका भित्र संचालिक चुनढुङ्गा खानिलाई उपयुक्त व्यवस्थापन सहित सो वाट प्राप्त हुने राजश्व वैज्ञानिक नियमित र व्यवस्थित गर्नुपर्ने ।
- ✓ राजश्व छलि चोरी निकाशी र चुहावट नियन्त्रण गर्न नियमित अनुगमन गर्ने र आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाउने ।
- ✓ गाउँपालिका भित्र संचालित संघ संस्थाको आम्दानि गाउँपालिकाको आम्दानिसँग एकिकृत हुने र गाउँपालिकाले तोकेको क्षेत्रमा मात्र खर्च गर्ने पद्धतिको विकास गरिनुपर्ने ।
- ✓ गाउँपालिका भित्र निजि क्षेत्रको लगानिमा निर्माण भएका केवलकार र सो सँग सम्बन्धीत अन्य बिषयलाई अनुगमन तथा निरिक्षण गरि करको दायराभित्र ल्याउनु पर्ने ।

धन्यवाद

श्री लाल वहादुर थापा
राजश्व परामर्श समिति संयोजक